# भरतपुर महानगरपालिका

## सामुदायिक माध्यमिक विद्यालयमा गणित प्रयोगशाला व्यवस्थापन मापदण्ड-२०७९

पारित मिति २०७९/१०/२६
प्रमाणिकरण मिति २०७९/१०/२७

प्रस्तावना

नेपालको शैक्षिक अवस्थालाई हेर्दा SEE को नतिजामा सबै भन्दा बढी विद्यार्थी अनुत्तीर्ण हुने विषयको रूपमा गणित विषय रहेको छ। भरतपुर महानगरपालिका अन्तर्गतका सामुदायिक र संस्थागत विद्यालयको SEE , कक्षा ८ को सिकाइ उपलब्धि विश्लेषण गर्दा शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक उपायहरू अवलम्बन गर्न पर्ने देखिन्छ। यसै सन्दर्भमा गणित विषयलाई हाम्रो **गणित,राम्रो गणित, सजिलो गणित, रमाइलो गणित** बनाउन गणित प्रयोगशाला व्यवस्थापन अभियानको प्रभावकारी कार्यान्वयनका लागि यो मापदण्ड स्वीकृत गरी लागु गरिएको छ ।

१. उद्देश्यः

यस मापदण्ड तर्जुमाका उद्देश्य देहायबमोजिम रहेका छनः

- सबै सामुदायिक माध्यमिक विद्यालयमा गणित प्रयोगशाला स्थापनागर्ने ।
- गणित प्रयोगशालाको अधिकतम प्रयोग गरी गणित विषयको शिक्षण-सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउने ।
- गणित प्रयोगशाला व्यवस्थापनका लागि महानगरपालिका र अन्य निकाय वा संघसंस्थाबाट हुने स्रोत तथा विद्यालयको स्रोतसाधनको पारदर्शी र प्रभावकारी व्यवस्थापन गराउने।
- गणितीय शैक्षिक सामग्री निर्माण, संकलन,व्यवस्थापन, प्रयोग र संरक्षणलाई प्रभावकारी बनाउन विद्यालयलाई प्रोत्साहित गर्ने ।

२. कार्यान्वयन संयन्त्र

सामुदायिक माध्यमिक विद्यालयमा गणित प्रयोगशाला स्थापनाका लागि भरतपुर महानगरपालिकाबाट प्रदान गरिने अनुदान तथा अन्य स्रोतबाट प्राप्त हुने सहयोगलाई व्यवस्थित र प्रभावकारी बनाउनदेहाय बमोजिमको एक सहजीकरणसमिति रहनेछः

| | |
|---|---|
| नगर शिक्षा अधिकारी | -संयोजक |
| महानगरपालिकाको माध्यमिक तहको गणित विषय समितिको संयोजक | -सदस्य |
| महानगरपालिकाको आधारभूत तहको गणित विषय समितिको संयोजक | -सदस्य |
| सहजीकरण समितले मनोनयन गरेको माध्यमिक तहमा कम्तीमा १० वर्ष गणित विषय अध्यापन गरेको संस्थागत विद्यालयको शिक्षक | -सदस्य |
| महानगरपालिकाको आन्तरिक व्यवस्थापन तथा खरिद शाखा प्रमुख | -सदस्य |
| महानगरपालिकाको शिक्षा हेर्ने लेखा अधिकृत/लेखापाल | -सदस्य |
| नगर शिक्षा अधिकारीले तोकेको शैक्षिक प्रशासन महाशाखाको अधिकृत कर्मचारी | -सदस्य-सचिव |

नगर प्रमुख

नगर प्रमुख

### ३. विद्यालयको काम, कर्तव्य र जिम्मेवारी

भरतपुर महानगरपालिका अन्तर्गत रहेका सबै सामुदायिक माध्यमिक विद्यालयहरुले गणित प्रयोगशाला स्थापनाका लागि महानगरबाट अनुदान प्राप्त गर्न देहाय बमोजिमको कार्य गर्नुपर्नेछः

- विद्यालय व्यवस्थापन समितिबाट गणित प्रयोगशाला प्रयोजनका लागि एउटा छुट्टै कोठाको व्यवस्था गरी प्रयोगशालाको सिकाइमा उपयोग गर्ने गराउने प्रतिबद्धताको निर्णय।
- विद्यालयमा गणित विषय अध्यापन गराउने शिक्षकहरूबाट गणित कक्षामा नियमित रूपमा शैक्षिक सामग्री प्रयोगगर्ने प्रतिवद्धता ।
- गणित शिक्षक र विद्यार्थीहरूबाट हरेक वर्ष शैक्षिक सत्रको प्रारम्भमा गणित सामग्रीहरु निर्माण गर्ने र सोका लागि आवश्यक कच्चा सामान विद्यालयले उपलब्ध गराउने प्रतिबद्धता ।
- गणित शिक्षकहरुले खरिद गरिएका र विद्यालयमा निर्मित गणित सामग्रीको सूची निर्माण गर्ने र प्र.अ. बाट प्रमाणित गराइ राख्नपर्ने ।
- गणित प्रयोगशालाको उपयोगका लागि विद्यलयमा गणित विषय समिति गठन गरी क्रियाशील बनाउने।
- विद्यालय व्यवस्थापन समितिबाट गणित प्रयोगशालाको सिकाइमा उपयोग भए नभएको अनुगमन गरी आवश्यक सहजीकरण गर्ने ।
- गणित शिक्षकको संरक्षकत्वमा विद्यार्थीको Math club गठन गरेको हुनुपर्ने।
- गणित सूचना पाटीको निर्माण र प्रयोग गर्नुपर्ने ।
- विद्यालय व्यवस्थापन समितिले महानगरपालिकाबाट प्राप्त अनुदानबाट गणित प्रयोगशालाका लागि सामग्री खरिद गर्दा सावर्जनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को अधीनमा रही गर्नुपर्नेछ ।
- गणित प्रयोगशालामा शैक्षिक सामग्री व्यवस्थापन गर्दा विद्यार्थी संख्याको आधारमा निर्धारण गरीसोही बमोजिम खरिद गर्नु पर्ने।
- विद्यालयले महानगरपालिकाबाट गणित प्रयोगशाला स्थापनाका लागि प्राप्त अनुदानबाट गणित प्रयोगशालाका लागि शैक्षिक सामग्रीका साथै सामग्री व्यवस्थापनका लागि आवश्यक ऱ्याक र टेबल खरिद गर्न सक्नेछ।
- विद्यालयले गणित प्रयोगशाला कार्यक्रमका लागि महानगरपालिकाबाट प्राप्त अनुदानबाट बढीमा २५ प्रतिशत रकम फर्निचर व्यबस्थापन र बाँकी रकम गणित प्रयोगशाला शैक्षिक सामग्री व्यबस्थापनमा खर्च गर्नु पर्नेछ ।

### ४. शैक्षिक सामग्रीको सूची

विद्यालयमा स्थापना हुने गणित प्रयोगशालामा महानगरपालिकाबाटप्राप्त अनुदानबाट कम्तीमा देहायका सामग्री वा सामग्री निर्माणका लागि आवश्यक कच्चापदार्थ खरिद गर्नुपर्नेछः

1. Metric Wheel
2. Wooden Geometrical Shapes
3. Teacher Transparent instrument box
4. Set of Marbles
5. Pythagoras Theorem by Square
6. Derivation of the value of Pie
7. Magic Circle & its Parts

भरतपुर महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन, नेपाल २०७२

नगर प्रमुख

8. Mensuration Kit
9. Transparent Solid
10. Ring of Theorem
11. Cylinder cut in 8 parts
12. Conic section Wooden
13. Shapes Stamps (12)
14. CuisnaireStrips
15. Base & Place Value Kit (Abacus)
16. Volume Relationship Set
17. Transparent Sphere Hollow
18. Transparent Cylinder Hollow
19. Clinometer
20. Decimal Plate
21. Construction of Parabola
22. Magnetic Graph Co-ordinate Board
23. Interlocking Cubes 128
24. Triangle Kit
25. Algebraic Identity Set of Two
26. Angle Sum Property of Triangle
27. Parallelogram Kit
28. Balance Brass
29. Weight Set
30. Angle Formation Kit
31. Cubic Identity $(A+B)^3$
32. Students Algebraic identity Kit
33. Mini Wooden Solid Shapes
34. Exterior Angle
35. Geoboard Wooden
36. Graph Board
37. Series Tower (Pink Tower) Wooden
38. Spindle Box
39. Fraction Board 4 Layer Wooden
40. Tangram Wooden
41. Magnetic Display Board 2'3
42. Shapes Sorting Box Wooden
43. Marker holding Compass
44. Tessellation Set Wooden
45. Number Matching Domino Board
46. Stacking Cubes (100 Cubes)
47. Magnetic Numbers
48. Beads Set
49. Pocket Chart 100
50. Shape Sorting Board
51. Pattern Block
52. Place Value Chart with Stick
53. 3D Paper Nets set
54. Vertex Wonder
55. Flip N Fraction Geo-Board
56. Mensuration Cube
57. Octant 3D
58. Number Planet

प्रमुख

59. Integer Counter
60. Roman Number
61. Tangram (Poly)
62. Pantomimes (Tessellation)
63. Fraction Wheel
64. Jug & Beaker Set
65. Dummy Clock
66. Probability Kit
67. Math Chart Set of 15 Charts
68. Transparent Dice

विद्यालयले उल्लिखित सामग्रीका अतिरिक्त समय -समयमा शिक्षक र विद्यार्थीबाट निर्मित सामग्री र तयारी सामग्री तथा गणित शिक्षकलाई उपयुक्त लागेका सामग्रीथप गरी निरन्तर स्तरोन्नति गर्दै लान पर्नेछ।

### ५. अनुगमन, मूल्याङ्कन तथा नियमन

- यस मापदण्डको उद्देश्यबमोजिम गणित प्रयोगशाला स्थापना र प्रयोग भएनभएको र महानगरपालिकाबाट उपलब्ध गराइएको अनुदानको सदुपयोग भएनभएको अनुगमन र मूल्याङ्कन गरी सहजीकरण एवं नियमन गर्ने कार्य सहजोकरण समितिले गर्नेछ।

नगर प्रमुख